निर्णयहरू:-

१. हेटौडा उपमहानगरपालिका वडा नं. १०, टिसिएन् रोड स्थित सीता भवनमा बसोवास गर्दै आएका २ जनामा कोभिड-१९ को संक्रमण पुष्टी भएको र उक्त भवनमा अन्य व्यक्तिहरूमा समेत संक्रमणको सम्भावना रहेकोले Contact Tracing मा परेका व्यक्तिहरूको कोभिड-१९ को परीक्षण नतिजा नआएसम्मका लागि उक्त भवनलाई शिल गर्ने ।

२. मिति २०७७-०४-०५ को नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकबाट मिति २०७७ साउन ६ गते मङ्गलबार मध्यरात पछि बन्दाबन्दी (लकडाउन) अन्त्य गर्ने निर्णय भएको र देहायबमोजिमका सेवा र कार्यहरू अर्को सूचनाबाट तोकिएको मितिदेखि सञ्चालन गर्ने निर्णय भएकोमा यस विपरित केही व्यक्ति/संस्थाहरूले उक्त सेवा र कार्यहरू यस मकवानपुर जिल्लामा सञ्चालन गरिरहेको जनगुनासो प्राप्त भएको सन्दर्भमा यस विपरित गर्ने/गराउनेलाई संक्रामक रोग ऐन, २०२० बमोजिम तत्काल कारवाहीको दायरामा ल्याउने ।

देहायबमोजिमका सेवा र कार्यहरू अर्को सूचनाबाट तोकिएको मितिदेखि सञ्चाल गर्ने:-

(क) शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),

(ख) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,

(ग) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,

(घ) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जनस्थल,

(ङ) सैलुन, ब्युटीपार्लर तथा स्पा,

(च) स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब,

(छ) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,

(ज) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,

(झ) पुस्तकालय, सङ्ग्राहलय र चिडियाखाना ।

३. जिल्लाभित्र सञ्चालनमा रहेका होटल तथा रेष्टुरेन्टहरूले न्यूनतम स्वास्थ्य तथा सुरक्षा मापदण्ड अवलम्बन नगरी व्यवसाय सञ्चालन गरिरहेको भनी गुनासो प्राप्त भएको सन्दर्भमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पूरा गरी मात्र होटल तथा रेष्टुरेन्टहरू सञ्चालन गर्न सम्बन्धित सबैमा अनुरोध गर्ने । यस विपरित स्वास्थ्य तथा सुरक्षाका मापदण्ड अवलम्बन नगरी सञ्चालन गरेको पाईएमा संक्रामक रोग ऐन, २०२० बमोजिम तत्काल कारवाहीको दायरामा ल्याउने ।

४. श्री कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौंको प.सं. ०७७/७८/१३३, मिति २०७७-०४-१९ को पत्रबाट Diagnostic को लागि गरिने परीक्षण सम्बन्धमा लेखी आएको सन्दर्भमा देहाय बमोजिम गर्न, गराउन सबै स्थानीय तह, स्वास्थ्य कार्यालय, मकवानपुर र हेटौडा अस्पताललाई अनुरोध गर्ने ।

(क) कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि विगतमा RT-PCR तथा RDT (Antibody) परीक्षणहरू गरिदै आएकोमा अब उप्रान्त Diagnostic को लागि RDT (Antibody) लाई पूर्ण रूपमा रोक लगाउने तर Antigen Based Rapid Diagnostic Test प्रयोग गर्न सकिने ।

(ख) क्वारेन्टाईनमा बसेका व्यक्तिहरूको ५ देखि ७ दिन पूरा भएपश्चात् अनिवार्य रुपमा RT-PCR परीक्षण गराउने ।

५. श्री कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौंको प.सं. ०७७/७८/१३१, मिति २०७७-०४-१८ को पत्रबाट कोभिड-१९ संक्रमितहरूको आईसोलेसन सम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७ प्राप्त भएकोमा उक्त मापदण्ड बमोजिम गर्न, गराउन स्वास्थ्य कार्यालय, मकवानपुर र हेटौडा अस्पताललाई अनुरोध गर्ने ।

६. तराईबाट यस जिल्लामा प्रवेश गर्ने मुख्य नाका चुरियामाई मन्दिर नजिकै बिगतमा राखिएको प्रहरी चेकिङ प्वाईन्टलाई पुनः सुचारु गरी अत्यावश्यक सेवा, ढुवानीका सवारी साधन तथा जिल्ला प्रशासन कार्यालयहरूबाट जारी भएका पास लिई आउने बाहेकका अन्य सवारी साधनहरूको प्रवेशमा रोक लगाउने कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी